
का.जि.प्र.का.द.नं. १००/०५९/६०

१२ जेठ २०८०,
शुक्रबार
26 May 2023,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक





ललितपुरको जावलाखेलमा बिहीबार आयोजित भोटो जात्रा अवलोकन गर्दै कुमारी । तस्वीर: चन्द्रकला क्षेत्री, रासस

# परम्परागत कूटनीतिकै पक्षमा प्रधानमन्त्री

मुकुन्द लामिछाने/मध्यान्ह
काठमाडौं, ११ वैशाख ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड आगामी जेठ १७ गते भारत भ्रमणमा जाने भएका छन् । दुवै देशका अधिकारीहरुको परामर्शमा प्रधानमन्त्री प्रचण्डको भारत भ्रमण जेठ १७ देखि २० गतेसम्म तय भएको हो ।

प्रधानमन्त्री प्रचण्ड जेठ १७ गते भारत जाने र १८ गते समकक्षी नरेन्द्र मोदीसँग नयाँदिल्लीमा भेटवार्ता गर्ने कार्यक्रम छ । त्यसपछि उनले भारतीय राष्ट्रपति द्रौपदी मुर्मुसँग भेटवार्ता गर्नेछन् । जेठ १९ गते उनी मुम्बई जाने र २० गते स्वदेश फर्किने छन् ।

प्रधानमन्त्री प्रचण्डले गत वैशाखमै भारत भ्रमणको तयारी गरेका थिए । तर नक्कली भुटानी शरणार्थी प्रकरण र नयाँ बजेटको तयारी लगायतका कारण उनले भ्रमणको मिति पछि सारेका थिए । जेठ १५ गते बजेट सार्वजनिक भएपछि १७ गते उनी भारत जाने तय भएको हो ।

प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणपछि चीन भ्रमणको तयारी अगाडि बढेको छ । बिहीबार मात्रै प्रधानमन्त्री प्रचण्डसँग चिनियाँ राजदूत छन सोङले भेटेका थिए ।

प्रधानमन्त्रीको सरकारी निवासमा आफ्ना राजनीतिक ब्युरो चिफसहित पुगेका चिनियाँ राजदूतसँग आसन्न भारत भ्रमण लगायत विषयमा प्रधानमन्त्रीको कुरा भएको थियो ।

नेताहरुका अनुसार उक्त भेटमा चीन भ्रमणको कुरा भएको थियो । प्रधानमन्त्री प्रभण्डले दिल्ली भ्रमण सकेर तिथि तय गरौंला भन्ने जवाफ दिएका छन् । बेइजिङ भ्रमणका लागि गृहकार्य थाले पनि तिथि भने दिल्ली भ्रमणपछि मात्रै तय हुने भएको छ ।

यसअघि प्रधानमन्त्री प्रचण्डले आफ्नो पहिलो भ्रमण भारतकै हुने पटक पटक उल्लेख गरेका थिए । पहिलो प्रधानमन्त्रीकालमा उनी भारतभन्दा पहिले चीन गएको प्रसंग चर्चित बन्न पुगेको थियो ।

पहिलो पटक प्रधानमन्त्री हुँदा प्रचण्डले पहिलो विदेश भ्रमण चीनको गरेका थिए । तर पछि आफ्नो राजनीतिक विदेश भ्रमण भारतको पहिलो भएको भन्दै सच्याएका थिए । यसपटक पहिले भारतको भ्रमण गर्ने, त्यसपछि चीन भ्रमण र तेस्रो देशको

पृष्ठ २ मा



पहिलो पटक प्रधानमन्त्री हुँदा प्रचण्डले पहिलो विदेश भ्रमण चीनको गरेका थिए । तर पछि आफ्नो राजनीतिक विदेश भ्रमण भारतको पहिलो भएको भन्दै सच्याएका थिए । यसपटक पहिले भारतको भ्रमण गर्ने, त्यसपछि चीन भ्रमण र तेस्रो देशको भ्रमण तेस्रो पटक मात्रै गर्ने अभ्यासलाई निरन्तरता दिने भएका छन् । यसलाई परम्परागत कूटनीतिको रुपमा कूटनीतिक क्षेत्रकार जानकारहरु अर्थ लगाउँछन् ।

नेपालमा प्रधानमन्त्री भइसकेपछि हामीकहाँ पहिले आउनुपर्छ भन्ने भारतीय चाहना अनुरुप १९९० को नेपाल–भारत मैत्री सन्धिको धारा २ लेखिएको झल्को आउँछ । हामीले त्यो आकांक्षा पुर्ति नै गरिरहेका छौं हाम्रो तर्फबाट ।

**सूर्यनाथ उपाध्याय**
पूर्वसचिव, नेपाल सरकार

# कहाँ पुग्यो भ्रष्टाचारका ठूला काण्ड ?

कान्ति न्यौपाने/मध्यान्ह
काठमाडौं, ११ वैशाख ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भ्रष्टाचारमा शून्य सहनशीलता अपनाएर अघि बढ्ने बताएपनि हालसम्म चर्चित भ्रष्टाचारका मुद्धाको छानबिन अघि बढ्नै सकेको छैन । भुटानी शरणार्थी प्रकरणमा सबैतिरबाट साथ पाएका प्रधानमन्त्री प्रचण्ड र उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले भ्रष्टाचारका विषयमा निर्मम हुने अभिव्यक्ति समेत दिदैं आएका छन् ।

केही वर्षअघिदेखि चर्चामा रहेका बाइडवडी काण्ड, वालुवाटार काण्ड, यती काण्ड, बुढीगण्डकी आयोजना र सेक्युरेटी प्रिन्टिङ्ग आदिमा भएका भ्रष्टाचारको हालसम्म पनि छानबिन हुनै सकेको छैन । तर, काठमाडौंमा आयोजित एक कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले २०४६ साल यता भएका सबै भ्रष्टाचारको छानबिन गर्न शक्तिशाली आयोग बनाउने तयारी भएको बताएका थिए । 'हामीले पार्टीको घोषणापत्रमै प्रतिवद्धता व्यक्त गरेका छौं कि २०४६ सालपछि भएका सबै भ्रष्टाचारको छानबिन गरिने छ । हामी शक्तिशाली आयोग बनाएर कारबाही गर्ने तयारीमै छौं,' उनले भने । तर, अभिव्यक्तिको १ महिना बित्न लाग्दा समेत उनले आयोग बनाउने तयारी गर्ने सकेका छैनन् ।

त्यतिमात्रै होईन, उनकै पार्टीका सांसद राजन दाहाल अर्को आयोग बनाउनु उपयुक्त नहुने तर्क गर्छन् । 'फेरि भष्टाचार नियन्त्रण गर्ने नाममा अर्को शक्तिशाली आयोग बनाए भ्रष्टाचार मौलाउँछ । जति धेरै आयोग बनाइन्छ, त्यति धेरै खर्च र भ्रष्टाचार हुन्छ । त्यसैले अर्को आयोग होइन कि भएकैलाई प्रभावकारी ढंगले काम गराउन सक्नुपर्छ' उनले भने । हुनपनि, पटकपटक भ्रष्टाचार नियन्त्रणका लागि शक्तिशाली आयोगको गठन हुँदै आएको छ । तरपनि, राजनीतिक आड र प्रभावका परेर तिनले काम गर्न नसक्दा साना भ्रष्टाचारका मुद्धा मात्रै बाहिर आउने गरेका छन् ।

'प्रधानमन्त्री र अख्तियारका प्रमुख आयुक्त मिलेर गर्ने हो भने धेरै ठिक हुन्छ । प्रधानमन्त्रीले आफ्ना मन्त्रीहरूको निगरानी गर्न थाल्यो भने भइहाल्छ । ठेगानमा आइहाल्छ नि' अख्तियारका पूर्वआयुक्त सूर्यनाथ उपाध्यायले भने । उनले अख्तियारको आयुक्त नियुक्तिमा हुने राजनीतिक प्रभावका कारण भ्रष्टाचार नियन्त्रणको प्रयास प्रभावित भएको बताएका हुन् ।

यद्यपि, केही समय अगाडि समाज कल्याण परिषद्को भृकुटीमण्डपमा रहेको जग्गा भाडा लगाउने प्रकरणमा सांसद तथा पूर्वराज्यमन्त्री टेकबहादुर गुरुङ र पूर्वमन्त्री बद्रीप्रसाद न्यौपाने दोषी ठहर भएर जेल चलान भएका थिए ।

ट्रान्सपरेन्सी इन्टरनेशनलको सन् २०२२ को भ्रष्टाचार अवधारणा सूचकाङ्कमा नेपाल १८० देशमध्ये ११० औं स्थानमा रहेको थियो । ट्रान्सपरेन्सी इन्टरनेसनल लगायत अन्तर्राष्ट्रिय सरोकार संस्थाहरूको मूल्याङ्नमा कुशासन र भ्रष्टाचारमा नेपाल अघि रहेको देखाएपनि सरकारी पक्षले भने यसमा सुधारको प्रयास गरेकै छैन । बरु, आश्वासन दिने तर, कुनै मुद्धा पनि किनारा नलगाउने सरकारी प्रवृत्ति यथावतै देखिन्छ ।

## वैदेशिक रोजगार विशेष

# मागपत्र प्रमाणीकरणको अधिकार फर्काउने श्रम मन्त्रालयको तयारी

मध्यान्ह संवाददाता
काठमाडौं, ११ जेठ

वैदेशिक रोजगार ऐन २०६४ संशोधन भएमा पाँच वर्षपछि नेपाली कामदारका लागि आउने मागपत्र प्रमाणीकरणको अधिकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय फर्किने छ ।

तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्ण विष्टको कार्यकालमा वैदेशिक रोजगार मागपत्र प्रमाणीकरण जाँचबुझ निर्देशिका २०७५ जारी भएपछि मागपत्र प्रमाणीकरणको अधिकार परराष्ट्र मन्त्रालयको पोल्टामा पुगेको थियो । त्यसपछि खाडी तथा मलेसियास्थित नेपाली दूतावास र नियोगमा मागपत्र प्रमाणीकरणको झन्झटिलो अवस्था आएको व्यवसायीहरूको भनाइ छ ।

त्यसअघि मागपत्र प्रमाणीकरण सम्बन्धित देशको चेम्बर अफ कमर्स र नोटरी पब्लिकबाट हुँदै आएको थियो । तत्कालीन मन्त्री विष्टले नेपाली कामदारमाथि हुने ठगी र शोषण अन्त्य गर्न नेपाली दूतावास र नियोगहरूबाट मागपत्र प्रमाणीकरण गर्नु परेको तर्क गरेका थिए । युरोपेली मुलुकहरूमा रहेका नेपाली दूतावासहरूले नेपाली कामदारका लागि आउने मागपत्र प्रमाणीकरण नगर्दा खाडी मुलुकहरू र मलेसियाको भन्दा आकर्षक, लाभदायक र सुरक्षित रोजगारी गुमेको वैदेशिक रोजगार व्यवसायीहरूको भनाइ छ ।

वैदेशिक रोजगार ऐन २०६४ लाई संशोधन गर्न श्रम मन्त्रालयले तयार गरेको प्रारम्भिक मस्यौदामा दूतावास, नियोगबाट हुने मागपत्रको अनिवार्य प्रमाणीकरणको हालको व्यवस्था परिवर्तन गरेर वैदेशिक रोजगार विभागका अधिकारीको नेतृत्वमा एक समिति गठन गरी सोही समितिमार्फत पनि प्रमाणीकरण गर्न सकिने गरी प्रस्ताव गरिएको छ ।

पृष्ठ २ मा

## कुवेतमा विदेशी कामदारलाई प्रति युनिट रगतको साढे ८ हजार

**कुवेत/मस–** कुवेतमा कार्यरत विदेशी कामदारहरूलाई प्रति युनिट रगतको २० केडी लिने कुवेत सरकारको निर्णयले नयाँ बहस निम्त्याएको छ । कुवेतको मन्त्रीस्तरीयबाट भएको आप्रवासी कामदारलाई प्रतियुनिट २० केडी (८ हजार ६ सय रुपैयाँ) लिने निर्णयलाई गैरकानूनी मान्न नसकिए पनि कुवेतले हस्ताक्षर गरेको अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डको उल्लंघन भएको कुवेतका अधिकारकर्मी वकिलहरूले बताएका छन् ।

नेपालमा शल्यक्रिया गर्नुपर्ने बिरामीले प्रति युनिट रगतको ६ सय रूपैयाँ मात्रै तिर्ने गरेका छन् । नेपाली कामदारका लागि यो अत्यन्तै महँगो हो ।

पृष्ठ २ मा

## रुकुममा जिप दुर्घटना

# २२ दिनकी सुत्केरी र नाबालकसहित ५ को मृत्यु



गाडी उकालोमा व्याक भएर ब्रेक नलागेपछि दुर्घटना भएको हो । जिप सडकबाट करिब चार सय मिटर तल खसेको स्थानीयको भनाइ छ ।

प्रचण्ड खत्री/मध्यान्ह
रुकुम पश्चिम, ११ जेठ

रुकुम पश्चिममा जिप दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको छ । रुकुम पश्चिमको सानीभेरी गाउँपालिकाको वडा नं ५ मेलचौरबाट बाफिकोट गाउँपालिकाको दुली हुँदै जिल्ला सदरमुकाम खलंगा जाँदै गरेको लु १ ज १७४७ नं को जिप दुलीको मोतिखोलामा दुर्घटना हुँदा ५ जनाको मृत्यु भएको हो ।

सानीभेरी गाउँपालिका ६ का डिलबहादुर केसीका अनुसार दुर्घटनामा परेर सानीभेरी गाउँपालिका ५ का देउचन खत्री, सोही वडाका कर्ण बहादुर बाँठा, बाँफिकोट गाउँपालिका ८ की २२ दिनकी सुत्केरी रेखा खत्री र उनको २२ दिनको छोरा रोशन केसी तथा सानीभेरी गाउँपालिका वडा नं ५ की ४८ वर्षीया सितला बस्नेत कुसारीको मृत्यु भएको हो ।

पृष्ठ २ मा

# राष्ट्रपतिको उपस्थितिमा देखाइयो भोटो

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ जेठ

राष्ट्रपति रामचन्द्र पौडेलले वर्षा र सहकालका देवता रातो मच्छिन्द्रनाथको भोटो जात्रा अवलोकन गरेका छन् । राष्ट्रपति पौडेलले जावलाखेलमा बिहीबार अपराह्न आयोजित भोटोजात्रामा सरिक भइ भोटोजात्रा अवलोकन गरेका हुन् । मच्छिन्द्रनाथको रथ लगनखेलबाट जावलाखेल पुऱ्याइएको चौथो दिन भोटो देखाउने परम्पराअनुसार बिहीबार राष्ट्रपति रामचन्द्र पौडेलको उपस्थितिमा गुठी संस्थान ललितपुरका कर्मचारीले भोटो देखाएका थिए । सो अवसरमा राष्ट्रपति पौडेलले रातो मच्छिन्द्रनाथको दर्शन गर्नुका साथै प्रसाद ग्रहण गरे । उनले जीवित देवी कुमारीको दर्शन पनि गरे ।





गत वैशाख ११ गतेदेखि शुरु भएको रथ जात्रा भोटो देखाएसँगै यस वर्षका लागि जात्रा सम्पन्न भएको छ । भोटोजात्रा अवलोकन गर्न उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', सभामुख देवराज घिमिरे, उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ तथा मन्त्रीहरु सहभागी थिए । भोटोजात्रा हेर्न आम नागरिकको उल्लेख्य उपस्थिति थियो । जात्राको अवसरमा बिहीबार सरकारले उपत्यकामा सार्वजनिक बिदासमेत दिएको थियो ।

**चिडियाखानामा एकै दिन १२ हजार अवलोकनकर्ता**

बिहीबार ललितपुरको जावलाखेलस्थित सदर चिडियाखानामा १२ हजार अवलोकनकर्ताले अवलोकन गरेका छन् । वर्षा र सहकालका देवता रातो मछिन्द्रनाथको भोटो देखाउने दिन परेकाले अन्य दिनभन्दा धेरैले चिडियाखाना अवलोकन गरेका हुन्। चिडियाखानाका सूचना अधिकारी गणेश कोइरालाका अनुसार अन्य दिन बढीमा तीन हजारले मात्र चिडियाखानाको अवलोकन गर्ने गरेका थिए । बिहीबार भोटो देखाउने दिन भएकोले उल्लेख्य मात्रामा अवलोकनकर्ता आएका हुन् ।

चिडियाखाना अवलोकनकै लागि अन्य दिन रु.दुई सय तिर्नुपर्ने भए पनि बिहीबार रु.७५ मै अवलोकनको व्यवस्था मिलाइएको थियो । कोरोनाले गर्दा तीन वर्षसम्म आर्थिक समस्या झेलिरहेको चिडियाखानामा पछिल्लो समय अवलोकनकर्ताको भीड नै लाग्ने गरेको छ । उनका अनुसार अवलोकनकर्ता बढेकै कारण विगत वर्षमा भन्दा यस वर्ष आम्दानीको लक्ष्यसमेत बढाइएको छ । विगतका वर्षमा वार्षिक रु.१४ देखि १६ करोड आम्दानी गर्दै आएको चिडियाखानाले यस वर्ष रु.२० करोड आम्दानी गर्ने लक्ष्य लिएको छ ।

हाल चिडियाखानामा एक सय १० प्रजातिका एक हजार ६८ जीवजनावर रहेका छन्। त्यहाँका मुख्य आकर्षणका रूपमा बाघ, भालु, चितुवा र रातो हाब्रे छन्। ती प्रजातिमध्ये ३३ स्तनधारी, ६१ चरा, आठ उभयचर र १७ प्रजातिका माछा छन् ।

नेपालमा लोप हुन लागेको भनी सूचीकृत ३८ दुर्लभ वन्यजन्तुमध्ये १५ लाई चिडियाखानाले संरक्षण गरी प्रदर्शनीमा राखेको छ । चिडियाखाना अवलोकन गर्न विदेशीका लागि रु.सात सय ५०, सार्क देशका लागि पाँच सय, नेपालीलाई रु.दुई सय तथा नेपाली विद्यार्थी र ज्येष्ठ नागरिकका लागि रु.९० शुल्क निर्धारण गरिएको छ । अवलोकनका लागि तीर्ने शुल्कबाट नै चिडियाखानाले कर्मचारीलाई तलब भत्ता र जीवजनावरलाई खाना खुवाउनेलगायत सबै व्यवस्थापनको काम गर्दै आएको छ ।

## रौतहट डायरी

प्रेमचन्द्र झा/मध्यान्ह

# उपमेयरले गलत प्रचार गरेको आरोप



रौतहट ईशनाथ नगरपालिकामा हृदयघातका कारण निधन भएका व्यक्तिलाई उपमेयरले मनगढन्ते रुपमा प्रचार गरेको भन्दै मृतकका परिवारले आपत्ति जनाएका छन् ।

ईशनाथ नगरपालिका वडा नं. ५ लक्ष्मीनिया गाउँकाका ४६ वर्षीय सुकदेव महतोको यहि जेठ ४ गते बारीमा गएको बेला अचानक लडेर मुर्छित भएका थिए । उनलाई गाउँकै जिपमा राखेर उपचारको लागि गौर लगिँदै थियो तर जिप चालकले गाउँबाट फोन आएको भन्दै बीच बाटोमै महतोलाई छाडेर हिँडेका थिए । त्यसपछि महतोलाई टेम्पुमा राखेर अस्पताल लगिएको थियो । तर चिकित्सकले ढिलो भएका कारण महतोलाई बचाउन नसकिएको बताएका थिए ।

महतोको हृदयघातका कारण मृत्यु भएको अस्पतालले जनाएको छोरी सुनिता देवीले बताइन् । तर उपमेयर प्रवेज आलमले घरमा झुण्डिएर निधन भएको भन्दै प्रहरीलाई खबर गरेको सुनिताले बताइन् ।

महतोको परिवारले बिहीबार नेपाल पत्रकार महासंघ गौरमा पत्रकार सम्मेलन गरी हृदयघातको कारण निधन भएका सुकदेवको घरमा झुण्डिएर निधन भएको भन्दै प्रहरीलाई खबर गरेकाप्रति आपत्ति जनाएका छन् ।

पत्रकार सम्मेलनमा मृतक महतोको छोरी सुनिताले भनिन्, 'उपमेयर प्रवेज आलमले घरमा झुण्डिएर मरेको भन्दै प्रहरीमा खबर गरिदिनुभयो । घरका पुरुष व्यक्तिहरु बुबाको उपचार गराउन गौर आएका थिए ।'

जयनगर सिमा प्रहरी चौकीका प्रहरीसँगै उपमेयर प्रवेश घरमा गएर यहाँ झुण्डिएको, त्यहाँ झुण्डिएको, साचो-साचो भन नत्र थुनामा पठाइदिन्छु भन्दै धाकधम्की दिएको सुनिताले बताइन् । उनले महिलाहरु संगठित भएर प्रतिकार गर्दा उपमेयर त्यहाँबाट भागेको पनि बताइन् ।

यस्तै उनले आफूहरुलाई एमडी मोजिबुल्लाहले सामाजिक संजालमा वडा नं. ५ मा एक युवकले फासो लगाएर ज्यान गुमाएका र घर परिवारले फाँसो काटी भागेको र परिवारलाई प्रहरीले पक्राउ गरेको भन्दै सामाजिक सञ्जालमा स्टाटस राखेको भन्दै आपत्ति जनाइन् ।

यस सम्बन्धमा उपप्रमुख आलमसँग सम्पर्क गर्दा प्रहरीको साथमा पीडितको घरमा गएको स्वीकार गर्दै कुनै किसिमको असहयोग नगरेको बताए ।

# छोरीलाई पैतृक सम्पत्ति दिने कानून कार्यान्वयन हुन नसकेको गुनासो



रौतहट जिल्ला अदालतका न्यायाधीश नवराज दाहालले छोरा सरह छोरीलाई पैतृक सम्पत्ति दिने कानूनी व्यवस्था कार्यान्वयन हुन नसकेको बताएका छन् । राष्ट्रिय महिला आयोगद्वारा गौरमा आयोजित अन्तरक्रिया कार्यक्रममा बोल्दै न्यायाधिश दाहालले यस विषयमा महिला अधिकारवादी किन मौन भन्दै प्रश्न गरे ।

जिल्ला प्रशासन कार्यालय गौरको सभाकक्षमा 'समाजमा विद्यमान हानिकारक अभ्यासहरु दाइजो प्रथा, तिलक, बालविवाह, बोक्सी आरोप' सम्बन्धी आयोजित अन्तरक्रियामा कार्यपत्र प्रस्तुत गर्दै रौतहटका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रले समाजमा विद्यमान रहेका परम्परागत, कुरीतिहरुलाई निर्मूल पार्न जनचेतना अति नै आवश्यक रहेको बताए ।

कार्यक्रममा गौर नगरपालिकाको नगरप्रमुख शम्भु साह, दुर्गा भगवती गाउँपालिकाका अध्यक्ष शम्भुकुमार सिंह, मौलापुरका नगरप्रमुख रिनाकुमारी साह लगायतले सामाजिक कुरीतिहरुलाई निर्मुल पार्न सबैको साथ र सहयोग आवश्यक रहेकोमा जोड दिएका थिए ।

राष्ट्रिय महिला आयोगका सदस्य विद्याकुमारी सिन्हाले महिलाहरु दाइजो प्रथा, बालविवाह र घरेलु हिंसाको सिकार बनिरहेको बताइन् ।

कार्यक्रममा जिल्ला समन्वय समिति रौतहटका प्रमुख राम अयोध्या यादव, महिला अधिकारकर्मी शहनाज वेगम, निलु झा, विणा श्रीवास्तव, ममता झा, सन्जु बैठा, पत्रकार प्रभात झासहितकाले महिलाहरुले दैनिक भोग्दै आएका हिंसाको बारेमा प्रकाश पारेका थिए ।

**परम्पराग...**

भ्रमण तेस्रो पटक मात्रै गर्ने अभ्यासलाई निरन्तरता दिने भएका छन् । यसलाई परम्परागत कुटनीतिको रुपमा कुटनीतिक क्षेत्रकार जानकारहरु अर्थ लगाउँछन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त सूर्यनाथ उपाध्याय नेपालका प्रधानमन्त्रीहरुले नेपालका प्रधानमन्त्रीको पहिलो विदेश भ्रमण आफ्नो देशबाट होस् भन्ने भारतीयहरुको चाहना पूरा गरिरहेको बताउँछन् । नेपालका प्रधानमन्त्रीले पहिलो विदेश भ्रमण भारतबाटै गरुन् भन्ने चाहना सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धिमा घुमाउरो रुपमा राखिएको उपाध्यायको भनाइ छ ।

१९९० को नेपाल-भारत मैत्री सन्धिको धारा २ मा 'दुवै सरकार परस्परमा कायम रहेका मित्रतापूर्ण सम्बन्धमा खलल पर्न जाने सम्भावना रहने गरी कुनै छिमेकीसँग गम्भीर खटपट वा विवाद उतपन्न भएमा एक अर्कालाई जानकारी दिन प्रतिवद्ध छन्' भन्ने उल्लेख छ ।

'कतिपय भारतीयको सार्वजनिक अभिव्यक्तिबाट तिमी (नेपाल) ले हामी (भारतीय) लाई सूचना दिनुपर्छ कि भन्ने खालले र झल्किने गर्छ' उनले भने । यही कारण प्रधानमन्त्री भइसकेपछि भारत आउनुपर्छ भन्ने भारतीय चाहना देखिएको उपाध्यायको भनाइ छ ।

'सायद त्यसैले पनि होला नेपालमा प्रधानमन्त्री भइसकेपछि म कहाँ, हामीकहाँ पहिले आउनुपर्छ भनेको । हामी त्यो आकांक्षालाई पुर्ति नै गरिरहेका छौं हाम्रो तर्फबाट । उताबाट के भइरहेको छ त्यो हामीले देखिहालेका छौं', उपाध्यायले भने ।

**मागपत्र...**

नेपालको हिसाबले हेर्ने हो भने उक्त मूल्य प्रति युनिट १४ गुणाले बढी पर्ने देखिन्छ ।

कुवेतमा कार्यरत पत्रकार दाहेम अल-काहतानीले कुवेती सरकारको निर्णयमा आपत्ति जनाउँदै बिरामीको शल्यक्रियामा अत्यावश्यक पर्ने रगतको मूल्यकै कारण ज्यान जान्छ भने के हुन्छ ? भन्ने प्रश्न उठाउँदै भनेका छन्, 'आप्रवासी कामदार उक्त रकम तिर्न सक्दैनन् भने के उनीहरूलाई मर्न दिने ? यो कुवेतको लागि एकदमै आपत्तिजनक निर्णय हो र कसले सुझाव दियो र अनुमोदन गऱ्यो ? यसले देशको अन्तर्राष्ट्रिय प्रतिष्ठामा क्षति पुऱ्याउने छ ।'

उनले अगाडि भनेका छन्, 'सरकारले नगदका लागि रगतका पोका बेच्ने ? भन्ने प्रश्नको जवाफ दिनुपर्ने छ ।' केही कुवेतीहरूले भने रगतको मुल्यवृद्धि आफ्नो मुलुकमा बढिरहेको आप्रवासी कामदारहरूको भीड कम गर्ने उत्तम तरिका भएको बताएका छन् ।

**कुवेतामा..**

त्यस विषयमा परराष्ट्र मन्त्रालयले कस्तो राय प्रतिक्रिया देला श्रमका अधिकारीहरूका लागि यो पक्ष कौतुहलताको विषय बनेको छ । आफ्नो मन्त्रालयको अधिकार संकुचित हुने भन्दै परराष्ट्र मन्त्रालयका अधिकारीहरू सकारात्मक नहुने कतिपयको आँकलन छ । वैदेशिक रोजगार क्षेत्रलाई व्यवस्थित गर्ने विषयमा श्रम तथा परराष्ट्र मन्त्रालयबीच सहकार्य र समन्वय अभाव नौलो विषय भने होइन ।

श्रम मन्त्रालयले वैदेशिक रोजगारलाई व्यवस्थित, मर्यादित र बिचौलियामुक्त पार्न भन्दै वैदेशिक रोजगार सूचना प्रणाली कार्यान्वयनमा ल्याएको धेरै समय भएको छ । उक्त प्रणालीमा विदेशस्थित नेपाली दूतावास र नियोगहरुले प्रमाणीकरण गरेका मागपत्र प्रणालीमा रहेको एटेष्टेशन मोड्युल प्रयोग गरी पठाउनुपर्छ । तर विदेशस्थित नेपाली नियोगहरुले तालिम प्राप्त गरेका जनशक्ति नभएको भन्दै प्रणालीमा रहेको एटेष्टेशन मोड्युलमा मागपत्र पठाउन चाहिने युजर नेम र पासवर्ड लामो समय लिएनन् । त्यसका लागि विभागका तत्कालीन महानिर्देशक डा. भिष्मकुमार भुसालले ठूलो मिहेनत गर्नुपरेको श्रमका अधिकारीहरूले भुलेका छैनन् ।

नेपालको वेदेशिक रोजगार क्षेत्रको सफलताका लागि श्रम मन्त्रालय र परराष्ट्र मन्त्रालयबीच बलियो सहकार्य हुनुपर्ने मान्यता छ । तर परराष्ट्र मन्त्रालयबाट नेपालमा मात्रै नभइ विदेशमा पनि श्रम मन्त्रालयको काममा असहयोग हुने गरेको श्रम सहचारीहरूको अनुभव छ ।

**रुकुममा...**

अन्य दुई जना यात्री गाडीबाट हाम फालेर बचेका छन् । दुर्घटनामा घाइते भएका ५ जनाको जिल्ला अस्पताल सल्लेमा उपचार भइरहेको प्रहरीले जनाएको छ । ४ जना सिकिस्त घाइतेलाई हेलिकप्टरमार्फत नेपालगञ्ज पठाइएको जिल्ला प्रहरी कार्यलय रुकुम पश्चिमका प्रहरी प्रमुख नमराज भट्टराईले मध्यान्हलाई जानकारी दिए ।

घाइतेहरुलाई स्थानीय र प्रहरीले उद्धार गरेका थिए । बाफिकोट गाउँपालिका र सानीभेरी गाउँपालिकाका एम्बुलेन्समार्फत घाइतेहरुलाई जिल्ला अस्पतालसम्म पुऱ्याइएको थियो ।

प्रहरीका अनुसार गाडी उकालोमा व्याक भएर ब्रेक नलागेपछि दुर्घटना भएको हो । जिप सडकबाट करिब चार सय मिटर तल खसेको स्थानीयको भनाइ छ ।

# वर्षासँगै टुट्दै मनाङको सडक सञ्जाल



**नविन अंकुर/मध्यान्ह**
मनाङ, ११ जेठ

प्रि-मनसुन सुरुवात भएसँगै पश्चिमी वायुको प्रभावका कारण हिमाली जिल्ला मनाङको सडक सञ्जाल टुट्दै गएको छ । छिमेकी जिल्ला लमजुङमा दैनिक वर्षा भइरहेको छ भने मनाङमा सुक्खा पहिरो खस्न थालेको छ ।

डुम्रे-बेसिशहर-चामे सडकअन्तर्गत नासो गाउँपालिका-१ सिरानतालमा सुक्खा पहिरो खसेको छ । सुक्खा पहिराका कारण सडक अवरुद्ध भएको नासो-५ का वडाध्यक्ष थुदेन लामाले जानकारी दिए । उनका अनुसार बुधबार साँझदेखि चट्टानसहितको सुक्खा पहिरो खस्दा सडक अवरुद्ध भएको छ । दुई वर्षअघि पहिराका कारण भत्किएको सडक मर्मत गर्दा रहेका चट्टान खसेर अवरुद्ध भएको सडक खुलाउन एस्काभेटर ल्याउँदै गरेको डुम्रे-बेसिशहर-चामे सडक आयोजना कार्यालयका सब इन्जिनियर सुमन अधिकारीले जानकारी दिए ।

वर्षायाम वा अन्य समयमा पनि मनाङको यात्रा सहज भने छैन । वर्षायाम सुरुआत भएसँगै अझ बढी जोखिम बढ्ने गर्छ । वर्षायाममा पर्ने झरीका कारण एक ठाउँमा मर्मत गर्न नभ्याउँदै अर्को स्थानमा सडक भत्किँने हुँदा मनाङवासी तथा पर्यटक आवतजावतमा समस्या हुने गरेको छ ।


**Chandranagar Rural Municipality**

**Office of Municipal Executive**

**Chandranagar, Sarlahi**

**Madhesh Province**

## Invitation for Bids

**First date of Publication: 2080/02/12**

1. Chandranagar Rural Municipality, Office of Municipal Executive, Chandranagar Sarlahi invites electronic bids from eligible bidders under National Competitive Bidding procedures. Bidding is open to all eligible Nepalese Bidders.
2. Bidding Documents can be downloaded from e-GP system also. **www.bolpatra.gov.np/egp**. Intrested bidders shall register in the e-Gp System and deposite the cost of bidding documents Rs 3,000.00 in the following bank.
   **Name of the Office : Chandranagar Rural Municipality, Office of Municipal Executive, Chandranagar Rural Sarlahi,**
   **Name of Bank : Nabil Bank, Chandranagar, Sarlahi**
   **Rajaswa Account No. : 22801017500031**
3. Information to deposit the Bid Security Amount in Bank:-
   **Name of Office : Chandranagar Rural Municipality, Office of Municipal Executive, Chandranagar Sarlahi,**
   **Name of Bank : Nabil Bank, Chandranagar , Sarlahi**
   **Dharauti (Deposite) Account No.:- 22801017500016.**
4. Electronic Bids must be submitted through **www.bolpatra.gov.np/egp** on or before 12:00 Hr (31st day from first day of notice published)
5. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hour on (31st day from first day of notice published) at Chandranagar Rural Municapility, office of Municipal Executive, Chandranagar Rural Sarlahi. Non-attendance of any or all of the Bidders'representatives shall not hinder the opening of the bids. Bids must be valid for a period of as mentioned in table below after the date of bid opening.
6. Bids must be accompanied by a Bid Security of minimum amount specified in table below either in the form of bank voucher confirming cash deposit in deposite account no.as specified above or a bid security (unconditional bank guarantee) issued by Commercial Bank as approved by Nepal Rastra Bank. The Bid Security shall be valid for 30 days beyond the bid validity period. Bidder must clearly quote the contract name and contract number in Bid security form (Bank guarantee) otherwise will cause disqualification of Bidder.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case, the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bidders can bid as a single contractor or in the form of Joint Venture of maximum of three contracting firms.
9. Bidders are advised to visit the site and assess the actual site condition before submitting the bids at their owncost.
10. The employer reserves the right to accept or reject wholly or partially any or all bids without assigning any reason, what so ever.

| S. N. | Contract No | Description of Work | Bid Security Amount | Estimated Amount | Bid Validatity Period | Payment of Non Refundable Amount |
|---|---|---|---|---|---|---|
| 1 | CRM/NCB/ 05/2079/080 | Sarwajanik sthal ma ujiyalo ko lagi street light kharid ra jadan | 1,50,000.00 | 59,98,32,629.00 | 90 Days | 3000.00 |
| 2 | CRM/NCB/ 06/2079/080 | Krishi Bidhutikaran karya | 1,45,000.00 | 57,97,727.00 | 90 Days | 3000.00 |

**Chief Administrative Officer**



## कुवेतमा रोजगार

कम्पनी: KIDS N FUN COMPANY
शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०८०/०२/११ | चलानी नं.: ६०२०१९८५ | L.T. No.: 286588

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 0 | 13 | सम्बन्धित काममा दक्ष | 110 | ४७,२२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Supervisor | 0 | 2 | | 150 | ६४,४०१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ १९ गते (2 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ८६२/०६६/०६७

**माउण्ट कञ्चन इन्टरनेशनल प्रा. लि.**
पि.ओ.बक्स: ८९७५, इ.पि.सि. ८१३, पिङ्गलास्थान-९,गौशाला
फोन: ४४८१०४१, ४४९९०९४, फ्याक्स: ४४८०७४५
Email: info@mountkanchan.com.np | Website: mountkanchan.com

# बागमतीमा चल्ने सवारी साधनको भाडा घट्यो



**काठमाडौं/मस**-बागमती प्रदेशमा छोटो दूरीमा चल्ने सार्वजनिक सवारी साधनको भाडा घटेको छ। बागमती प्रदेशको श्रम रोजगार तथा यातायात मन्त्रालयले बिहीबार सार्वजनिक सवारीको भाडा घटाएको हो। नेपाल आयल निगमले डिजलको भाउ घटाएको नौँ दिनपछि बागमती प्रदेशमा छोटो दूरीमा चल्ने गाडीको भाडा घटाइएको हो।

मन्त्रालयले घटाएको भाडा दर बिहीबार राजपत्रमा प्रकाशित भएको छ। काठमाडौं उपत्यकाभित्र ५ दशमलव ९ प्रतिशतले तथा उपत्यका बाहिर छोटो दूरीका सार्वजनिक गाडीमा ४ दशमलव १८ प्रतिशत र मालवाहक गाडीमा ५ दशमलव ६९ प्रतिशतले भाडा घटाएको मन्त्रालयका सचिव अस्मान तामाङले बताए।

उनले भने, 'नयाँ भाडा दर बिहीबारनै राजपत्रमा प्रकाशित भइसकेकाले घटेको भाडादर लागू भएको छ।'

यसअघि डिजेलको भाउ बढेको बेला लामो दूरीको गाडीभाडा बढेर छोटो दूरीको नबढेपछि व्यवसायी आफैँले भाडादर तोकेका थिए। नेपाल आयल निगमले अघिल्लो हप्ता बुधबारदेखि लागू हुने गरी डिजेलको भाउ घटाएको थियो। लगत्तै सरकारले लामो दूरीको भाडा समायोजना गरेको थियो। लामो दूरी अर्थात् अन्तर प्रदेशको भाडा केन्द्र सरकारबाट र छोटो दूरी अर्थात् अन्तरपालिकाको भाडा प्रदेश सरकारबाट निर्धारण हुने गर्दछ।

गएको चैत २० गते डिजेल र मट्टीतेलको मूल्यमा प्रतिलिटर रु.१०/१० र पेट्रोलमा रु तीन मूल्य घटाएको निगमले अघिल्लो हप्ताको बुधबारदेखि लागू हुने गरी डिजेल र मट्टीतेलमा प्रतिलिटर रु.१०/१० ले भाउ घटाएको थियो। घटेको मूल्यअनुसार हाल डिजेलको मूल्य लिटरको रु.एक सय ५५ कायम भएको छ। अघिल्लो वर्ष प्रदेशभित्र सञ्चालन हुने छोटो दूरीको गाडी भाडा बढेको थियो। बढेको भाडाअनुसार यात्रुले काठमाडौं उपत्यकामा सार्वजनिक गाडीमा चढ्ने वित्तिकै रु.२० भाडा तिर्दै आइ रहेका छन्।

# तीन दिने आधारभूत पत्रकारिता तालिम शुरु

**मध्यान्ह संवाददाता**
मेलम्ची, ११ जेठ

इन्द्रावती गाउँपालिकाको आर्थिक सहयोग तथा रेडियो मेलम्चीको आयोजनामा तीन दिने आधारभूत पत्रकारिता (समाचार लेखन) तालिम शुरु भएको छ।

ऐतिहासिक, धार्मिक, साँस्कृतिक, पक्षको उजागर तथा गाउँपालिकाका उपलब्धि तथा गतिविधि सम्प्रेषण गर्ने उद्देश्यले आयोजना गरिएको तालिममा गाउँपालिका भित्रका १२ वटै वडाका प्रतिनिधिहरुको सहभागिता रहेको गाउँपालिका अध्यक्षका सल्लाहकार सुनिल तामाङले जानकारी दिए।



तालिममा रेडियो मेलम्चीका अध्यक्ष पत्रकार डम्बर रसिक भारती, ध्रुव दंगाल लगायत रेडियो मेलम्चीका अन्य प्रतिनिधिले सहजीकरण गर्ने रेडियोका स्टेशन म्यानेजर देवराज सुवेदीले जानकारी दिए।

कार्यक्रमको उद्घाटन गर्दै गाउँपालिकाका अध्यक्ष झम्क नेपालले जिल्लामा क्रियाशिल पत्रकारहरुको उदाहरण दिँदै सक्रिय हिसाबले यस क्षेत्रमा लाग्न आग्रह गरे। उनले वडामा रहेर पालिका तथा वडामार्फत भए गरेका कामका बारेमा समाचार संकलन गरी प्रकाशन गर्न आग्रह गर्दै गाउँपालिकाबाट हुने सहयोगमा कमि हुन नदिने बताए।

कार्यक्रममा गाउँपालिकाका प्रवक्ता एवं वडा नम्बर ५ का वडा अध्यक्ष शशिनाथ आचार्य, वडा नम्बर ४ का वडा अध्यक्ष क्षेत्रबहादुर तामाङ लगायतले तालिम तालिममा मात्र सिमित हुन दिन नहुने बताए। वडा अध्यक्षद्वयले गाउँपालिकाको लगानी खेर जान दिन नहुने बताउँदै सक्रिय भएर लाग्न आग्रह गरे।

रेडियो मेलम्चीका अध्यक्ष भारतीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत मन्तव्य देवराज सुवेदीले राखेका थिए। कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद शर्मा, मिसन नेपाल सिन्धुपाल्चोकका अध्यक्ष सन्तोष सिग्देल, गाउँपालिकाका न्यायीक सहजकर्ता भूगोल आचार्य, पत्रकार बुद्धिप्रसाद आचार्य, रविन दनुवार लगायतको उपस्थिति रहेको थियो। कार्यक्रम दिपिन ढुंगानाले सञ्चालन गरेका थिए।


## हेमन्त निर्माण सेवा प्रा.लि. को
## हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको **हेमन्त निर्माण सेवा प्रा.लि.** (दर्ता नं.१५०९२७/०७२/०७३) को मिति २०८०/०२/११ गते बसेको बिशेष साधारण सभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसंग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिनेछ।

**लिक्वीडेटरः तेजप्रसाद खराल**
**ईजाजत पत्र नं. ४१५, फोनः ९८५१०१९५२८**
Email: semantamani@gmail.com

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०२/१२**

**हस्पिटल डाइग्नोस्टिक सेन्टर प्रा.लि.**को मिति २०७९/१०/१५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **के. एम. सी. नयाँ ल्याव प्रा.लि. (प्रा.लि. नं.: २६९७४७)** कायम गर्ने गरी मिति २०८०/०२/०४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## मलेसियामा रोजगारको अवसर

**कम्पनी : SYARIKAT JUN CHONG SDN. BHD**
**शहर : JOHOR**
पूर्व स्वीकृत मितिः २०८०/०२/११ चलानी नं.: ६०२०१९६३ L.T. No.: 286529

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 30 | 0 | स. काममा दक्ष | 1500 | ४३,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ १९ गते (2 June 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझ्न विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

Govt. Lic. No. 865/066/067
**RHYTHM OVERSEAS PVT. LTD.**
Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4478824, 4478825
9851041625, 9808802926,Email.: info@rhythmoverseas.com.np, rhythmnepal@gmail.com

## Europe को Romania मा रोजगारको अवसर

### Company: Uman Care Recruiting SRL.

पुनः विज्ञापन। पूर्व स्वीकृती मितिः २०७९/०८/१४ चलानी नं. ६०१९२४०७ LT.No. 276948

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cook | 05 | 00 | काममा दक्ष तथा अनुभवी | 650 | ८५,९९१/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ५ दिन | कम्पनी नियम अनुसार | छ | | १ वर्ष |
| २. | Cook Helper | 15 | 00 | | 550 | ७२,७६२१/- | | | | | | | |
| ३. | Waiter | 05 | 00 | | 550 | ७२,७६२१/- | | | | | | | |
| ४. | Cleaner | 05 | 03 | | 550 | ७२,७६२१/- | | | | | | | |
| ५. | House Keeper | 00 | 10 | | 600 | ७९,३७७१/- | | | | | | | |
| ६. | General Worker | 63 | 05 | | 650 | ८५,९९१/- | | | | | | | |

### Company: Andvis Imob Srl

पुन विज्ञापन। पूर्व स्वीकृती मितिः २०७९/०३/१४ चलानी नं. ६०१८१९९३ LT.No. 266041

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cook | 05 | 00 | काममा दक्ष तथा अनुभवी | 650 | ८५,९९१/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ५ दिन | कम्पनी नियम अनुसार | छ | | १ वर्ष |
| २. | Cook Helper | 15 | 00 | | 550 | ७२,७६२१/- | | | | | | | |
| ३. | Bakery/Pastery Maker | 10 | 00 | | 550 | ७२,७६२१/- | | | | | | | |
| ४. | Caregiver | 00 | 05 | | 600 | ७९,३७७१/- | | | | | | | |
| ५. | General Worker | 29 | 03 | | 550 | ७२,७६२१/- | | | | | | | |
| ६. | Cleaner/Housemaid | 10 | 06 | | 550 | ७२,७६२१/- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | रु. ४०,०००/- कामदार आफैले |

**अन्तरवार्ता २०८० जेठ २६ र २७ गते (9 & 10 June, 2023) सि पि होटल एण्ड पार्टि प्यालेस, बिर्तामोड झापामा हुनेछ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफुसँग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला।

**TMS TIMES MANAGEMENT SYSTEM PVT. LTD.** श्रम ईजाजत नं.: ९४४/०६७/६८
Gongabu, Kathmandu, Tel: 01-5906211, 5907211
Mob: 9818377043, 9823516347, 9815019008, 9803286759
Email: timesmanpower944@gmail.com | Web : www.tmsnepal.com.np


## Invitation for Bids

# Gauriganga Municipality
# Office of the Municipal Executive
**Sudurpaschim Pradesh, Nepal**

## Invitation for Bids for the Procurement of Fabricated Steel Parts

**Date of publication: 2023/05/26, Jestha 12th 2080**

Gauriganga Municipality, Chaumala, Kailali invites electronic Bids from registered fabricators for supply of fabricated steel parts for following Trail Bridges.

| S. N. | Contract ID | Description | Estimated Amount (NRs.) (Excluding VAT and Contingency) | Bid Security Amount In Nrs | Bid Validity And Bid Security Validity Period | bid document cost (Nrs) Non refundable |
|---|---|---|---|---|---|---|
| 1 | GGM/GOOD /NCB/ 04/2079/80 | Procurement of Fabricated Steel Part for Shankarpur Adhikhola Multi Span Steel Truss Bridge | 27,40,582.07/- | 80,000 | 90 and 120 days respectively from the last date of bid submission | 3000.00 |
| **Deadline for purchase of bid document** | 2080/03/10, June 25-2023 till 12:00 Hrs | | | | | |
| **Deadline for bid submission** | 2080/03/10, June 25-2023 till 12:00 Hrs | | | | | |
| **Online bid opening** | 2080/03/10, June 25-2023 13:00 Hrs | | | | | |
| **Account No. for Bid Document Purchasing/Bid security deposition** | Name of the Bank: NIC ASIA BANK, Chaumala, Kailali<br>Name of Office: Gauriganga Municiality<br>Office Account no for Bid Fee: Rajaswa khata : 071-20500-2806-2002<br>Office Account no Dhaurati khata/ Bid Security.: 71CA500982524004 | | | | | |

1. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLI may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements as mentioned in bid document.
2. Bidders must upload the scanned BOQ which can be obtained from Price schedule section of uploaded Bid document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of the Office of Municipal Executive, Gauriganga Municipality, Chaumala, Kailali,Tel No. 091-418060, Email: **info.gaurigangamun@gmail.com** or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
4. Bidders must submit along with their bids Firm/Company Registration Certificate, Business Registration Certificate (License), PAN/VAT Registration Certificate, Tax Clearance Certificate for the F/Y [2078/79], Power of Attorney, self-declaration letter and Letter of Bid.
5. Gauriganga Municipality Chaumala Kailali reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason. The information not provided here will be as per PPA 2063 and PPR 2064.

**Chief Administrative Officer**




GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.oscegmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
१२ जेठ २०८०, शुक्रबार
26 May 2023, Friday

## सम्पादकीय

# सन्तुलित कूटनीतिको खाँचो

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमणको मिति तय भएको छ । आगामी १७ जेठमा प्रधानमन्त्री प्रचण्डले भारत भ्रमण गर्ने सूचना बाहिरिएको छ । यद्यपि त्यसको औपचारिक जानकारी दिइएको छैन । गत १० पुसमा प्रधानमन्त्री नियुक्त प्रचण्डको यो पहिलो विदेश भ्रमण हो । पहिलो विदेश भ्रमणको थालनि भारतबाटै गर्ने निर्णय प्रधानमन्त्री प्रचण्डले लिएका छन् । यसअघिका प्रधानमन्त्रीहरूले पनि भारतबाटै विदेश भ्रमण थाल्ने गरेका छन् । २०६५ मा पहिलोपटक प्रधानमन्त्री हुँदा प्रचण्डले भारत नभएर चीनबाट विदेश भ्रमण थालेका थिए । तर पछि राजनीतिक भ्रमण भारतबाटै भएको प्रष्टोक्ति दिए । प्रचण्ड बाहेक अपवादलाई छोड्ने हो भने नेपालका प्रधानमन्त्रीहरूको विदेश भ्रमण भारतबाटै हुने गरेको छ । यो एकप्रकारले परम्परागत कूटनीति बनिसकेको छ ।

जुन निरन्तरता प्रधानमन्त्री प्रचण्डले पनि दिएका छन् । सँगै, नेकपा माओवादी केन्द्रका नेताहरू यसैबेला चीन भ्रमणमा रहेकाले प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणलाई विशेष चासोका साथ हेरिएको छ । पूर्वसभामुख अग्नि सापकोटा सहित माओवादी केन्द्रका नेताहरूले चिनियाँ नेताहरूसँग भेटवार्ता गरिरहँदा प्रधानमन्त्री प्रचण्डले भारतीय संस्थापन सहितका नेताहरूसँग द्विपक्षीय विषयमा सम्वाद गर्नेछन् । हुनत आमचुनाव-२०७९ को चुनावपछि पहिलोपटक हुन लागेको यो भ्रमणलाई कूटनीतिक औपचारिकताका रूपमा पनि हेर्न सकिन्छ । तर भारतप्रति नेपालको नागरिक तहमा रहेको बुझाइ र नेपालको आन्तरिक राजनीतिमा भारतको भूमिकाबारे जस्तो अभ्यास देखिने गरेको छ त्यसकारणले प्रधानमन्त्रीको भ्रमण अर्थपूर्ण छ ।

अझ केही वर्षदेखि दुई देशबीच बढेको सीमा समस्या सुल्झिन बाँकी रहेकाले पनि नेपालका प्रधानमन्त्रीहरूको भारत भ्रमण चासोमा पर्ने गरेको छ । सन् २०१९ मा भारतले नेपालको भूमि मिचेर नक्सा सार्वजनिक गरेपछि नेपालले पनि लिम्पियाधुरासहितको भूभाग समेटेर प्रशासनिक-राजनीतिक नक्सा जारी गरेको छ । नेपालको निर्णयका कारणले भारतीय संस्थापन सन्तुष्ट छैन । २०७२ मा नेपालको संविधान जारी हुँदा पनि भारतीय संस्थापन नाकाबन्दीको तहमा उत्रिएको थियो । जबकी नेपाल र भारतबीचको सम्बन्ध छिमेक सम्बन्धमा मात्रै सीमित छैन । बरू सांस्कृतिक-सामाजिक रूपमा समेत दुई देशबीच नागरिक तहको सम्बन्ध छ । अतः यस्तो परिस्थितिमा हुने प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणले सम्बन्ध सुधारसहित संभावित समस्या सुल्झाउन समेत पहल गर्न जरूरी छ । सँगै, नेपालको सार्वभौमतालाई पनि ध्यान दिएर आवश्यक निर्णय लिन आवश्यक छ । अर्कातिर विश्वशक्तिका रूपमा उदाइरहेको उत्तरी छिमेक चीनबारे पनि उत्तिकै ध्यान दिन जरूरी छ ।

# उच्च शिक्षामा बेथिति

अग्रलेख



● डा. दिबाकर वशिष्ठ

‘परीक्षामा १२ महिना र नतिजामा १८ महिना ढिलाई’को समाचार पढ्दा पंक्तिकारलाई शिक्षा क्षेत्रले फड्को मार्ने सम्भावना ओझेलिएको लाग्यो । परीक्षामा ढिलाई, नतिजामा त्रुटी, कपि परीक्षणमा चलखेल जस्ता समाचार नियमित जस्तै छन् । विश्वविद्यालयका कक्षा कोठामा गएर आफुलाई निर्धारण गरिएको विषय र समयको पठन पाठनमा अधिकांश प्रोफेसरले विद्यार्थीलाई पूरा समय दिँदैनन् भन्ने गुनासो उस्तै छ । कक्षा कोठा छ, शिक्षक पनि छन्, विद्यार्थी पनि छन्, पुस्तकालय पनि काम चलाऊ छ तर, विद्यार्थीले पढाएको बुझे कि बुझेनन्, गृहकार्य गरे कि गरेनन्, थेसिस बुझाउनु पर्नेले समयमा बुझाएनन्, जसबारे हेर्ने निकाय छैन । थेसिससमेत किन्न पाइन्छ भन्ने बजार हल्ला पनि व्यापक छ । थेसिस सुपरभाइजरको दायित्व के हो, विद्यार्थीको दायित्व के हो, कहिलेसम्म थेसिस बुझाउनु पर्ने हो, आदि आदि विषय अनुत्तरित छन् ।

समयमा परीक्षा नहुँदा, नतिजा नआउँदा, पढ्छु भनेर विद्यार्थीले चाख राखेको विषय स्वदेशमा पढ्न नपाउँदाको पीडा कस्तो होला ? स्मरण रहोस्, केही वर्ष चिकित्सा शिक्षा आयोगबाट लिइने नर्सिङ्ग, पब्लीक हेल्थ, एमबिबिएसलगायतका योग्यता परीक्षामा निकै कम विद्यार्थी उत्तीर्ण भई एकातर्फ स्वदेशमा पढ्ने अवसर नपाई विदेश गइरहेको अवस्था रह्यो भने अर्कोतिर कलेजहरुमा सिट खाली भई विद्यार्थी नहुँदा अर्बौंको लगानी डुब्ने अवस्था बन्यो । आज भारत, अष्ट्रेलिया, अमेरिकालगायतमा प्राविधिक विषय पढ्न जानेको ओइरो लागेको छ । चिकित्सा शिक्षामा विगत तीन वर्षयता एक हजार एक सय ६७ विदेशी विद्यार्थी नेपालमा भर्ना हुँदा सोही अवधिमा विदेश जाने नेपाली विद्यार्थीको संख्या दुई हजार दुई सय २२ रहेको देखिन्छ । चिकित्सा शिक्षा आयोग, विश्वविद्यालय सबै राजनीतिक भर्तिकेन्द्र हुन भन्नेहरुको कमी छैन । कुरा धेरै गर्दछन्, नीति बनाउँदछन्, दिनहुँ बैठक राख्ने र भत्ता पचाउने मात्रै भइरहेको छ । कार्यान्वयन तहलाई हेर्दा, १० प्रतिशत पनि नतिजा छैन । यसरी विद्यार्थीको गुनासोअनुसार शैक्षिक बेथिति बढेसँगै स्वदेशमा नै उच्च शिक्षाको अवसर गुमेको अवस्थाबाट हामी गुज्रेका छौं ।

शिक्षा ऐन, २०२८ संशोधनसहितको प्रस्तावनामा उल्लेख छ- राष्ट्रिय विकासको लागि आवश्यक जनशक्ति तयार गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकुल सर्वसाधारण जनताको सदाचार, सिष्टाचार र नैतिकता कायम राख्न मुलुकभित्र स्थापना हुने र स्थापना भई सञ्चालन भइरहेका विश्वविद्यालयको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरीय शिक्षाको विकास गर्ने भनाई उल्लेख भएतापनि सुधारको नाममा विश्वविद्यालयको र नीजि एवम् सरकारी तबरमा आङ्गिक कलेज बढाउने सिवाय गुणस्तरमा सम्बन्धित निकायले तात्विक ध्यान दिएको पाइँदैन । विश्वविद्यालयको सुधारभन्दा नीति बढी बनाउने र शिक्षा क्षेत्रको बारेमा आवश्यकताभन्दा बढी मिडियाबाजीलगायतका टिका टिप्पणीले विश्वविद्यालयको शैक्षिक गुणस्तरमा सुधार होला र भन्नेहरुको कमी छैन । पढाई संस्कृतिको विकास तथा निरन्तर सिकाईको अवसर विस्तारका लागि राष्ट्रिय पुस्तकालय, केशर पुस्तकालयलगायत जति पनि सरकारी तबरबाट खोलिएका पुस्तकालयहरु छन्, तिनको गुणस्तर र पर्याप्तता हेर्दा, अधिकांश विद्यार्थी विश्वविद्यालय तथा सार्वजनिक पुस्तकालयबाट बञ्चित देखिन्छन् । अधिकांश विद्यार्थीहरुको सर्भे गर्दा पुरुषको भन्दा राम्रो अंक ल्याई उत्तिर्ण हुने महिलाको संख्या पछिल्ला वर्षहरुमा बढेको देखिन्छ तथापि, समग्रमा वार्षिक नतिजा सन्तोषजनक नदेखिएको कारण अधिकांश अभिभावकहरु आफ्ना बालबच्चाको पढाई र नतिजालाई लिएर बिचलित हुने गरेको देखिन्छ ।

